## बाँझो जमिनमा सामुदायिक तथा करार खेती सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मिति: २०८१/०८/१८

<u>प्रस्तावना:</u> प्रदेशमा लामो समय देखि बाँझो रहदै आएका खेती योग्य जमिनमा पुनः खेती गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको आर्थिकस्तरमा सुधार ल्याउन वान्छनीय भएकाले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद -१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम **"बाँझो जमिनमा सामुदायिक तथा करार खेती सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)**"आवेदक"** भन्नाले बाँझो जमिनमा करार खेती गर्न निर्देशनालय समक्ष आवेदन पेश गर्ने कृषक/निजी कृषि फर्म/कम्पनि/कृषक समूह/कृषि उत्पादनसँग आवद्ध सहकारीलाई सम्झनु पर्छ।

(ख)**"कार्यक्रम"** भन्नाले स्वीकृत बाँझो जमिनमा सामुदायिक तथा करार खेती कार्यक्रम र बजेट सम्झनु पर्छ।

(ग)**"कार्यालय"** भन्नाले कृषि विकास निर्देशनालय मातहतको जिल्ला स्थित कृषि विकास कार्यालय सम्झनु पर्छ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(च)**"प्रदेश"** भन्नाले वागमती प्रदेशको सम्झनु पर्छ ।

(छ) **"प्रस्ताव"** भन्नाले बाँझो जमिनमा करार खेती कार्यक्रम सञ्चालनका लागि प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गर्न पेश भएको आवेदन र योजना सम्झनु पर्छ।

(ज) **"बाँझो जमिन"** भन्नाले कुनै व्यक्ति, संघ/संस्था, सार्वजनिक निकायको नाममा रही विविध कारणले विगत कम्तीमा तीन वर्षदेखि कुनै किसिमको खेती नगरी प्राकृतिक अवस्थामा रहेको कृषि योग्य जमिन भन्ने सम्झनु पर्छ ।

(झ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित समिति सम्झनु पर्छ।

(ञ) **"साझेदार संस्था"** भन्नाले कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका निजी कृषि फर्म/कृषक समूह/कृषि उत्पादनसँग आवद्ध सहकारी सम्झनु पर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## परिच्छेद-२
## कार्यक्रम संचालन प्रक्रिया

३. **कार्यक्रम लागू हुने स्थानः** यो कार्यक्रम प्रदेशभर लागु हुनेछ ।

४. **प्रस्ताव माग गर्ने:** (१) निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने म्याद दिई अनुसूची १ बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ।
(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा ७ दिनको पुनः सूचना गर्नेछ।

५. **प्रस्ताव पेश गर्ने:** (१) दफा ५ बमोजिम प्रकाशित सूचनाको आधारमा आवेदकले अनुसूची-२ वमोजिमको निवेदन/आवेदन निर्देशनालयमा दर्ता गर्नुपर्नेछ।

(२) खेती गर्न ईच्छुक व्यक्तिहरुले अनुसूची-३ बमोजिमको प्रतिवद्धता सहित निवेदन निर्देशनालयमा दर्ता गर्नुपर्नेछ।

६.**न्यूनतम मापदण्डः** (१) कार्यक्रमको लागि तपसिल बमोजिमको न्यूनतम मापदण्ड आवश्यक पर्नेछ।

| क्र.स. | बाँझो जमिनमा खेती गर्ने आवेदक | न्यूनतम बाँझो जग्गाको न्यूनतम क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|
| १ | कृषि समूह/सहकारी | ५ | सम्बन्धित वडाबाट बाँझो भनि प्रमाणित भएको हुनुपर्ने |
| २ | निजि फर्म | १ | |

(२) सामुहिक रुपमा खेती गर्दा सम्भव भाएसम्म बाँझो जग्गाको एकै क्लाष्टरमा हुने गरि गर्नुपर्नेछ।
(३) यस कार्यक्रम प्रयोजनको लागी आवेदकले जग्गा धनीसँग स्थानीय तहको रोहबरमा कम्तिमा ५ वर्ष अवधि बाँकी रहेको जग्गा भाडा सम्झौता पत्र पेश गर्नुपर्नेछ।
(४) जमिनको स्वामित्व खेती गर्ने कृषकको एकाघर सदस्यको नाममा भएमा उक्त जग्गा प्रोत्साहनको लागि योग्य हुने छैन।
(५) दुई वा दुई भन्दा बढी निजि कृषि फर्म/कम्पनिले समेत सामुहिक रुपमा क्लाष्टर बनाई बाँझो जग्गामा खेती गर्न सक्नेछन्।
(६) लालपुर्जा नभएको जग्गाको हकमा उक्त जग्गाको स्थान खुल्ने आधार क्षेत्रफल र जग्गा धनीको विवरण खुलाई सम्बन्धित वडा कार्यालयले प्रमाणित बाँझो भएको भनि गरको हुनुपर्नेछ।
(७) बाँझो जग्गामा सामुदायिक तथा करार खेती गर्ने इच्छुक आवेदकले उपदफा (१) मा तोकिएको न्यूनतम क्षेत्रफल वा सो भन्दा बढी जग्गामा कुनै एक भन्दा बढी बाली खेती गर्न सक्नेछ। व

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

७. <u>मूल्याङ्कन समितिको गठनः</u> (१) आवेदकवाट पेश भएको प्रस्तावहरुको मूल्याङ्कन गर्न निर्देशनालय/कार्यालयमा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ।

(२) मूल्याङ्कन समितिले बढीमा दुई जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राप्त प्रस्तावहरुको बमोजिमको मूल्यांकनको मापदण्डको आधारमा मुल्यांकन गर्ने,

(ख) प्रस्तावहरुको अध्ययन गरी प्रथामिकताक्रम निर्धारण समेत गरी स्वीकृतिका लागि निर्देशनालय/कार्यालय समक्ष स्वीकृतका लागि पेश गर्ने,

८. <u>सम्झौताः</u> (१) बाझो जमिनमा करारमा खेती गर्न इच्छुक आवेदक र निर्देशनालय/कार्यालय बीच अनुसूची-४ बमोजिम (दफा ८ को उपदफा १ सँग सम्बन्धित) सम्झौता गरिनेछ। लाभग्राहीले सम्झौता गर्नु अघि अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ।

(२) सम्झौता भएपश्चात बाझो जमिन करारमा दिने र खेती गर्ने दायित्व सम्बन्धीत व्यक्ति र साझेदार संस्थाको हुनेछ।

(३) साझेदारले सम्झौतामा उल्लेख भए अनुसारको जमिनको क्षेत्रफलमा कृषि जन्य बाली उल्लेखित समय सिमासम्म खेती गर्नुपर्नेछ।

## परिच्छेद-३
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

९. <u>भुक्तानी</u> : (१) बाँझो जग्गामा सामुदायिक तथा करार खेती गर्ने कृषक/निजी कृषि फर्म/कम्पनि/कृषक समूह/कृषि उत्पादनसँग आवद्ध सहकारीलाई बाँझो जग्गामा प्रोत्साहन स्वरूप प्रति रोपनी रु. २०००/- अक्षरुपि रु. दुई हजार को दरले निर्देशनालय/कार्यालयले नियमानुसार भुक्तानी दिनेछ।

(२) लाभग्राहिले भुक्तानी लिन सम्बन्धित स्थानीय तह/वडाबाट बाँझो जग्गामा खेती कार्य सम्पन्न गरेको भुक्तानी सिफारिस पेश गर्नुपर्नेछ।

मन्त्री

## परिच्छेद- ४
## विविध

१०. **अनुगमन तथा मूल्याङ्कनः** (१) निर्देशनालय/कार्यालय, स्थानीय तहले सम्झौता पश्चातनियमित अनुगमन, सुपेरिवेक्षण तथा पृष्ठपोषण गर्ने सक्नेछ।

(२) स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावहरु पालन गरी कार्यक्रम सम्पन्न गर्नु साझेदारको दायित्व हुनेछ।

११. **कारबाहीको व्यवस्थाः** लाभग्राहीले अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा प्राप्त गरेमा वा प्राप्त सेवा सुविधाको दुरुपयोग गरेको पाइएमा भुक्तानी भएको रकम प्रचलित कानून अनुसार व्याज सहित असुल उपर गरिनेछ ।

१२. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गर्न सकिनेछ ।

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

माननीय प्रकाश ...
मन्त्री

# अनुसूची-१

## (दफा ४ को उपदफा १ सँग सम्बन्धित)

## बाँझो जमिनमा सामुदायिक तथा करार खेती गर्न ईच्छुक आवेदकका लागि सूचना

यस निर्देशनालय.........को आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाझो जमिनमा सामुदायिक तथा करार खेती सहयोग कार्यक्रम सञ्चालनको लागि बाझो जमिनमा खेती गर्न इच्छुक आवेदक तपसिल बमोजिमका कागजात सहित सूचीकृत हुनको लागि निर्देशनालय............ मा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगि प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. रु. १०/- को हुलाक टिकट टाँस गरेको अनुसूची-२ अनुसारको आवेदन,

२. संस्था दर्ता, प्यान, करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,

३. अनुसूची -३ अनुसारको प्रतिवद्धता पत्र

४. निवेदकको वा समूह/सहकारीको सदस्यहरुको नागरिकताको प्रतिलिपि

५. कम्तिमा ३ वर्षको लागि सामुदायिक तथा करार खेती गर्ने प्रयोजनका लागि जग्गा भाडामा लिएको सम्बन्धित स्थानीय तह/वडाको रोहबरमा तयार गरिएको सम्झौता पत्र र लालपुर्जाको प्रतिलिपि

६. सम्बन्धित वडाबाट खेती गरिने जग्गा बाँझो भनि प्रमाणित गरिएको साथै जग्गाको कित्ता नं. र क्षेत्रफल खुलेको विवरण सहितको सिफारिस पत्र

७. समूह वा सहकारीको कार्य समितिको बैठकले बाँझो जमिनमा सामुदायिक तथा करार खेती कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

माननीय प्रकाश

मन्त्री

अनुसूची- २
(दफा ५ को उपदफा १ सँग सम्बन्धित)
आवेदन फाराम

श्रीमान् प्रमुखज्यू, मितिः
निर्देशनालय.........।

विषयः निवेदन सम्बन्धमा ।

महोदय,
प्रस्तुत विषयमा तहाँ निर्देशनालयबाट सूचना भए अनुसार बाझो जमिन सामुदायिक/करारखेती गर्न इच्छुक भएको हुदा कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको विवरण सहित तहाँ निर्देशनालय/कार्यालयमा यो निवेदन पेश गरेको छु ।
तपसिलः
१. आवेदकको विवरणः
आवेदकको नामः
संस्थाको नाम :
ठेगाना (जिल्ला, स्थानीय तह, वडा र टोल):
कुल सदस्य संख्याः
दर्ता भएको निकाय र दर्ता मितिः

२. बाँझो जग्गाको विवरण
खेती गर्ने बालीको नामः
जग्गा भाडामा लिएको बाँझो जग्गाको क्षेत्रफलः
जग्गा भाडामा लिएको मध्य खेती हुने बाँझो जग्गाको क्षेत्रफलः

३. कार्यक्रममा सहभागी हुने कृषक तथा क्षेत्रफल विवरण

| क्र.स. | सदस्यको नाम | ठेगाना | खेती गर्ने जग्गाको क्षेत्रफल | बालीरजात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची- ३

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

<u>प्रतिबद्धता-पत्र</u>

निर्देशनालयको मिति.........मा प्रकाशित सूचना अनुसार बाँझो जमिनमा सामुदायिक तथा करार खेती कार्यक्रममा सहभागिताको लागि ईच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौ। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौ र पाँच (५) वर्षसम्म निरन्तरता दिनेछु/छौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा पाँच (५) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु छौ। संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु छौ। साथै यस्तै प्रकृतिका कार्यक्रम से चालन गर्न यस अघि कुनै पनि सरकारी निकायबाट अनुदान सहयोग प्राप्त गरेका छैनौं। यसमा लेखिए बमोजिम नगरे प्रचलित कानुन बमोजिम सहुँला/बुझउँला।

**साझेदार संस्थाको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

| दायाँ | बाँया |
|---|---|

माननीय प्रकाश श्रेष्ठ

मन्त्री

## अनुसूची -४
**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**
**सम्झौता-पत्र**

........................निर्देशनालय/कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .............................. (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी **बाँझो जमिनमा सामुदायिक तथा करार खेती सहयोग कार्यक्रम** सञ्चालनका लागी द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

तपशिल:

१. यो सम्झौता सम्झौता भएको मितिबाट लागु हुनेछ।

२. प्रथम पक्षले बाँझो जमिनमा सामुदायिक तथा करार खेती सहयोग कार्यक्रम अन्तर्गत ......... रोपनी बाँझो जग्गामा ................. बाली खेती गरे वापत प्रति रोपनी रु. २,०००/- को दरले हुन आउने प्रोत्साहन रकम रु. ........... अक्षरुपि रु. ................ मा कन्टिन्जेन्सी बापतको दुई प्रतिशत रकम कट्टा गरी दोश्रो पक्षलाई रु. ............ (अक्षरुपी............................) बराबरको प्रोत्साहन रकम प्रदान गर्नेछ।

३. दोश्रो पक्षले .......... साल ..............महिना ...... गते भित्र तोकिएको कार्य सम्पन्न गरि सक्नु पर्नेछ।

४. दोस्रो पक्षले क्रियाकलापहरु उद्देश्य पुरा हुने गरी तोकिएको समय सिमा भित्र सम्पन्न गर्नुपर्नेछ।

५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा सम्झौता रकम र लागत साझेदारी भए सो को विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ। होडिङ बोर्डको ढाचाँ प्रथम पक्षले तोके बमोजिमको हुनेछ।

६. कार्यक्रम संचालनार्थ आवश्यक पर्ने जग्गा सम्बन्धित साझेदारले व्यवस्था गर्नु पर्नेछ र जग्गा सम्बन्धी विवाद उत्पन्न भएमा दोश्रो पक्षले सो को समाधान आफैं स्वम् गर्नुपर्नेछ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

८. दोश्रो पक्षले कार्य सम्पन्न भए पश्चात भुक्तानीको लागि स्थानीय तह/वडाको बाँझो जग्गामा खेती गरिएको भन्ने व्यहोरा खुलेको भुक्तानी सिफारिस, खेती गरिएको जग्गाको फोटो सहितको निवेदन पेश गर्नुपर्नेछ। प्रथम पक्षले आवश्यक स्थलगत अनुगमन पश्चात प्राविधिकको कार्य सम्पन्न सिफारिसको आधारमा दोश्रो पक्षलाई भुक्तानी दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ।

प्रथम पक्षको तर्फबाट:

दोश्रो पक्षको तर्फबाट:

८

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

हस्ताक्षरः
नामः
पदः
संस्थाः
संस्थाको छापः

**रोहवर**

हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

इति सम्वत् .............. साल ................ महिना ........ गते रोज ........ शुभम् ।

प्रकाश श्रेष्ठ
मन्त्री